# धनगढी उप-महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

धनगढी, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल।

## सुची दर्ता गर्ने सम्बन्धी सूचना

(प्रकाशित मिति २०८०/०४/०८)

यस कार्यालयको लागी आ. व. २०८०/०८१ को अवधिलाई आवश्यक पर्ने परामर्शदाता (घर नक्सा बनाइ पेश गर्ने कार्य) को लागि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ बमोजिम मौजुदा सुची (Standing List) तयार गर्नुपर्ने भएको हुँदा सार्वजिनक खरिद ऐन र नियमावली बमोजिम योग्यता पुगेका ईच्छुक ईजाजत प्राप्त व्यक्ति, फर्म र कम्पनीहरुले सार्बजनिक खरिद नियमावली २०६४, को नियम १८ को उपनियम (१) मा उल्लिखित कागजातहरुको प्रतिलिपि संलग्न गरी सोहि नियमावलीको अनुसूची २ (क) बमोजिमको ढाँचामा सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ।

निबेदनसाथ संलग्न हुनुपर्ने कागजातहरु :

१. संस्था वा फर्म दर्ताको प्रमाणपत्रको छायाँप्रति।

२. स्थायी लेखा नम्बर/ मु. अ. कर दर्ता प्रमाणपत्रको छायाँप्रति।

३. आ. व. २०७८/०७९ सम्मको करचुक्ता प्रमाणपत्रको छायाँप्रति।

४. व्यवसायिक इजाजत पत्रको छायाँप्रति (आ. व. २०८०/८१ को नवीकरण भएको)।

५. व्यक्तिले दर्ता गर्ने हकमा नेपाल इन्जिनीनियरिङग् परिषदमा दर्ता भएको प्रमाणपत्रको छायाँप्रति।

६. प्रचलित कानुन बमोजिम अयोग्य नभएको वा कालोसूची नपरेको व्यहोरा फर्म कम्पनि वा संस्था स्वयंमले घोषणा गरी निबेदन दिनुपर्नेछ।

७. फर्म/कम्पनि को वृस्तृत प्रोफाइल र कार्यरत प्राविधिक कर्मचारीहरुको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि।

द्रस्टव्य:

१. संस्था वा फर्ममा कार्यरत इन्जिनियरको दस्तखतको नमुना इन्जिनियर स्वयं उपस्थित भइ पेश गर्नु पर्ने छ।

२. १००० व. फि. क्षेत्रफल भन्दा माथि पेश हुने नक्साको हकमा अनिबार्य ने. ई. प. को दर्ता न. सहितको सहिछाप गरि पेश गर्नु पर्ने छ।

३. इन्जिनियरड बिल्डिंगको हकमा अनिवार्य रुपमा structural analysis report र नक्साको प्रत्येक पानामा स्ट्रक्चरल इन्जिनियरको ने. ई. प. को दर्ता नं. सहितको सहिछाप गरि पेश गर्नु पर्ने छ।

४. रीत नपुगी आएका निबेदनहरुलाई मान्यता दिईने छैन।

५. प्राप्त निवेदनहरु मौजुदा सुचिमा दर्ता गर्ने अधिकार यस कार्यालयमा निहित हुनेछ।

.....................

दिजराज भट्ट

डिभिजनल इन्जिनियर

डिभिजनल इन्जिनियर